अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

# अनुमोदन

राष्ट्रिय दैनिक

अनुमोदन राष्ट्रिय दैनिक

anumodankhabar.com

वर्ष : २२ अंक २८१ पृष्ठ ४ साउन १४ बुधबार २०७७ 29 Jul. Wed. 2020 , नेपाल संवत ११४० मूल्य रु. ५।-

स्वास्थ्य र सौन्दर्यका लागि

शरिरको अनावश्यक तौल घटाउने स्लीम प्लस । Hot shapper belt दुब्लो पातलो शरिरको तौल बढाउने । अनुहारको चाँयापोतो, डन्डीफोर हटाउने क्रिम पाईन्छ ।

सम्पर्क

स्वास्थ्य सरोकार केन्द्र

धनगढी:- ०९१-५२७४०६, ९८०१५००९९९

टीकापुर :- ०९१-५६१२९९, ९८५८४२१७७४

# पगियापसार टापुका पीडा

•शेरबहादुर ऐर/धनगढी

कैलालीमा मोहना र कान्द्रा नदीले उत्तरदेखि पश्चिमसम्मै घरेको वस्ती हो, पगियापसार । भजनी नगरपालिका वडा नम्बर ५ मा पर्ने सिमावती पगियापसार बस्ती एउटा टापुका रुपमा देखिन्छ । पगियापसारको पूर्वतिर भारतको भूभाग (सिमाना) पर्छ भने उत्तरतिर कान्द्रा नदी छ । पश्चिममा पिपरुवा ताल रहेको छ भने दक्षिणमा मोहना नदी रहेको छ । चुच्चो परेको पगियापसर टापुमा स्थापना गरिएको छ सशस्त्र प्रहरी बलको अस्थायी 'विओपी' पोष्ट ।



विश्वभरी कोरोना भाइरस महामारी फैलिन थालेपछि कैलालीका विभिन्न स्थानमा अस्थायी तथा स्थायी विओपी क्याम्प स्थापना गर्ने क्रम अघि बढ्यो । गत चैतमा नेपाल–भारत सीमा स्तम्भ ७०८/५ नम्बरको पिल्लर रहेको पगियापसारमा सशस्त्रको विओपी पोष्ट स्थापना गरिएको थियो ।

टापुसम्म पुग्न नेपालको सीमासम्म नै ताल छ । भारतको सीमामा रहेको तालमा भारतीयहरुले उखु खेती गरेका छन । भारतीयहरुले उखु खेती गरेका स्थानमा हिलाम्मे भएका कारण पैदल नै सो क्याम्पसम्म पुग्नुपर्ने बाध्यता छ ।

तालबारीमा भेटिएका सशस्त्र प्रहरी जवान खिमबहादुर ओलीले भारतीयहरुले लगाएको उखु खेती देखाउँदै भने– क्याम्पसम्म पुग्न हामी यहि बाटो प्रयोग गर्छौं । अहिले वर्षातको मौसम छ । सामान्य वर्षा भएपछि सो तालको सतह आफै बढ्छ । केही दिन अघिको वर्षातका कारण न त वारी आउन सकिन्थ्यो, न पारी जान सकिन्थ्यो ।

कहिकतै डुवान भएमा वा बाढी आएमा नागरिकको उद्दारका लागि अग्रपंक्तिमा हुन्छन 'सशस्त्र प्रहरी ।' तर, त्यहाँ खटिएका प्रहरीसंग पर्याप्त उद्दार सामग्री छैन । स्थानीय दानबहादुर बुढाले भने– सशस्त्रको क्याम्प डुवानमा परे हामीले नै उद्दार गर्नुपर्ने अवस्था आउन सक्छ ।

मोहना र कान्द्रा नदीले घेरिएको वडा नम्बर ५ को पगियापसारका स्थानीयले वर्षेनि बाढी तथा डुवानको समस्या झेल्दै आएका छन । स्थानीय दानबहादुर बुढाले भने– वर्षातको मौसममा यो टापुमा हामी कोही पनि आउँदैनौं । यहा पुरै पानीले भरिएको हुन्छ ।

उनले थपे– यहाँ डुबानको समस्याबाट जोगाउनेगरी सशस्त्रको स्थायी विओपी पोष्ट नै राख्ने व्यवस्था हुनुपर्दछ ।

अस्थायी विओपी पोस्टमा १२ जना सशस्त्र प्रहरीको दरबन्दी रहेको छ । सो क्याम्पमा दैनिक पानी पर्दा डुवान हुन सक्ने जोखीम रहेको विओपी पोस्टका इन्चार्ज सशस्त्र प्रहरी नायव निरीक्षक अमृत खडायतले बताए ।

कैलाली जिल्ला प्रशासन कार्यलयले अस्थायी विओपी पोस्ट भएकाले आवश्यक साम्रगीको व्यवस्था गरिएको जनाएको छ । कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले पगियापसार डुबान क्षेत्र भएकाले डुंगा लगायत आवश्यक साम्रगीको प्रबन्ध गरिएको बताए । 'नदीमा पानीको वहाव बढना साथ उहाहरुलाई अन्य विओपीमा सिफ्ट गर्न योजना रहेको छ' प्रमुख जिल्ला अधिकारी बोहराले अनुमोदनसंग भने ।

***सशस्त्र अस्थायी क्याम्प स्थापनापछि स्थानीय दंग***

दानबहादुर बुढा ४० वर्षदेखि पगियापसारमा बसोबास गर्दै आएका छन् । उनले दैनिकजसो स्थानीयका गाइभैसी चोरी भएको भोगेदेखेका छन् । उनले भने– यहाँ प्रहरीको उपस्थिति नहुँदा दैनिक चोरीका घटनाबाट हैरान भएका थियौं । हामी सधैं असुरक्षा महसुस गर्दथ्यौं, अहिले सशस्त्र प्रहरीको अस्थायी क्याम्प स्थापना भएपछि धेरै राहत मिलेको बताए । उनले थपे– यस वर्ष तीन महिनादेखि चोरी, लुटपाटका घटना भएका छैनन ।

स्थानीय जयलाल बुढाले पनि अस्थायी विओपी पोष्ट स्थापना भएपछि आफूहरुले सुरक्षा महसुस गरेको बताए । उनले भने– भारतीय एसएसबीको ज्यादति नै त सहनुपरेको थिएन, तर चोरी, लुटपाट, डकैती लगायतका समस्या झेलिरहेका थियौं ।

उनले पनि सशस्त्र प्रहरीको स्थायी विओपी पोष्ट स्थापना गर्नुपर्ने माग गरे । उनले भने– बाढी तथा डुवान हुँदा पनि उद्दार गर्न सशस्त्र प्रहरीहरु कौवा खेडाबाट आउनुपर्ने अवस्था थियो ।

***नामै "नेपाल टुक्रा"***

पगियापसारको यो टापुको नाम स्थानीयले 'नेपाल टुक्रा' राखेका छन् । २०५५/५६ सालतिर कौवाखेडाका स्थानीयहरुले आवादी लिएका थिए । 'एकातिरबाट भारतीय पक्षहरुले आवादी गर्ने डर अर्कोतिर कौवाखेडीका स्थानीयहरुले आवादी लिइरहेका थिए' स्थानीय दानबहादुर बुढाले भने– हामी जहिले चरिचरणका लागि सो टापु प्रयोग गरिरहेका हुन्थ्यौं ।

उनले कौवाखेडाका स्थानीयहरुले आवादी लिएपछि स्थानीयहरुलेनै सो टापु संरक्षण गर्न जुटेको बताए ।

उनले भने– नेपालकै सानो टुक्रा भएका कारण यसको नाम हामीलनै नेपाल टुक्रा भनेर राखेका हौं ।

अहिले सो क्षेत्रमा पिपरवा महिला सामुदायिक वनका नाममा संरक्षण गरिएको छ । सामुदायिक वनभित्रै खेलमैदान र सशस्त्र प्रहरीको अस्थायी पोष्ट राखिएको छ ।

***माओवादी जनयुद्धले प्रभाव नपारेको बस्ती***

२०५२ सालदेखि तत्कालीन माओवादीको सशस्त्र द्वन्द्व शुरु भयो । माओवादीले जनयुद्ध नाम दिएको सो सशस्त्र द्वन्द्व दश *(बाँकी ३ पेजमा)*

कोभिड १९ संक्रमितको जिल्लागत अवस्था:

| अछाम | बैतडी | बझाङ | बाजुरा | डडेल्धुरा | दार्चुला | डोटी | कैलाली | कन्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६६७ | ३०७ | १७४ | ४४९ | २९५ | २१ | ६६३ | १०९३ | ५१४ | ४,१८३ |

# तीन दिन भारी वर्षा हुने

अनुमोदन समाचार/धनगढी

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अझै तिन दिन देशभरी भारी वर्षा हुने जनाएको छ । आइतबारदेखि सक्रिय भएको वर्षा साउन १५ सम्म रहने भएकाले नदी तटीय क्षेत्रका स्थानीयहरुलाइ सर्तकता अपनाउन आग्रह गरेको छ ।

आइतबारदेखि लगातार परेको वर्षाका कारण सुदूरपश्चिम प्रदेशको कर्णाली, डडेल्धुराको महाकाली लगायत स–साना नदीको सतह बढ्दै गएको छ । पूर्वानुमान महाशाखाका अनुसार मंगलबार सुदूरपश्चिमका दुइ नदीसहित देशभरका चार वटा नदीमा सर्तकता तहभन्दा बढी वर्षा भएको छ ।

सुदूरपश्चिम प्रदेशको दार्चुलास्थित महाकाली नदी र कैलालीको चिसापानीमा सर्तकता तहभन्दा बढी वर्षा भएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार महाकालीमा २४ घण्टामा एक सय ४२ दशमलव ६ मिलिलिटर वर्षा भएको छ भने चिसापानीमा २४ घण्टामा एक सय ४७ दशमलव चार मिलिलिटर वर्षा भएको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार एक घण्टामा ६० मिलिमिटर, तीन घण्टामा ८० मिलिमिटर, ६ घण्टामा एक सय मिलिलिटर, १२ घण्टामा एक सय २० मिलिलिटर र २४ घण्टामा एक सय ४० मिलिलिटर वर्षालाइ सर्तकता मानिएको छ ।

महाकालीमा छ घण्टामा एक मिलिलिटर, १२ घण्टामा २० दशमलब आठ मिलिलिटर र २४ घण्टामा एक सय ४२ दशमलब छ मिलिलिटर वर्षा भएको छ भने चिसापानीमा १२ घण्टामा शून्य दशमलब छ मिलिलिटर र २४ घण्टामा एक सय ४७ दशमलब चार मिलिलिटर वर्षा भएको छ ।



महाशाखाले डडेल्धुराको महाकाली पारीगाउँ, पश्चिम सेती, कर्णाली लगायतको नदी सतह बढ्दै गएको जनाएको छ । समाचार तयार पार्दासम्म डडेल्धुराको पारीगाउको सतह चार दशमलब ८९ मिटर पुगेको थियो । सो नदीमा पाँच दशमलब ८० मिटरलाई सर्तकता तह र सात मिटरलाई खतरा मानिएको छ ।

यस्तै डोटीको गोपघाटस्थित पश्चिम सेतीको दुई दशमलब ७३ मिटर सतह पुगेको थियो । सो नदीको पाँच दशमलब ५० मिटरलाई सर्तकता तह र छ दशमलब ३० मिटरलाई खतरा मानिएको छ ।

यस्तै कैलालीको कर्णाली नदीको सतह सात दशमलब पाँच मिटर पुगको छ । कर्णाली नदीमा १० मिटरलाई सर्तकता र १० दशमलब आठ मिटरलाई खतरा सतह मानिएको छ ।

***पहिरोबाट दार्चुलामा दुईको मृत्यु***

दार्चुलाको दुहु गाउँपालिका वडा नम्बर ३ स्थित सल्लेखेतीमा पहिरोमा दुई जनाको मृत्यु भएको छ ।

मंगलबार बिहान पहिरोमा परी बेपत्ता दुई जनाको शव दिउँसो भेटिएको जनाइएको छ । घरको माथिबाट पहिरो खस्दा एकै परिवारका दुईजना बेपत्ता भएका थिए ।

सल्लेखेतीका ५० वर्षीय रामदत्त जोशी र उनकी श्रीमती ४५ वर्षीया इन्द्रा जोशीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी सुरेन्द्रप्रसाद जोशीले जानकारी दिए । पहिरोमा एक भैंसी र चार बाख्रा पनि पुरिएका थिए । *(बाँकी ४ पेजमा)*

# कोरोनाबाट थप एकको मृत्यु

अनुमोदन समाचार/धनगढी

नेपालमा कोरोना भाइरस संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार निधन भएका एक पुरुषमा मंगलबार संक्रमण पुष्टि भएको हो । साउन ९ गते निधन भइसकेका बझाङको बुंगल ३ का ६५ वर्षीय पुरुषमा कोरोना पुष्टि भएको मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतमले बताए । उनको घरमै निधन भएको थियो । गत असार २४ गते भारतको बैंग्लोरबाट बझाङ आइपुगेका ती पुरुषमा दमको समस्या थियो । योसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ४९ पुगेको छ ।

त्यस्तै नेपालमा कोरोना संक्रमितको संख्या १९ हजार नाघेको छ । मंगलबार तीन सय ११ जना संक्रमित थपिएसँगै नेपालमा संक्रमितको संख्या १९ हजार ६३ पुगेको हो । मंगलबार पीसीआर विधिबाट पाँच हजार ३२ जनाको कोरोना परीक्षण भएको छ । योसँगै पीसीआर विधिबाट तीन लाख ५३ हजार तीन सय सात जनाको कोरोना परीक्षण भएको छ ।

पाँच हजार एक सय २९ जना अहिले विभिन्न अस्पतालका आइसोलेसनमा उपचाररत रहेका छन् । मंगलबार एक सय २१ जना डिस्चार्ज भएका छन् । मंगलबारसम्म कोरोना मुक्त हुनेको संख्या १३ हजार आठ सय ७५ रहेको छ । देशभरीका विभिन्न स्थानमा रहेका क्वारेन्टिनमा १५ हजार तीन सय ३१ जना रहेका छन् ।

## सुदूरपश्चिम प्रदेशमा ८० जना संक्रमित थपिए

*सुदूरपश्चिम प्रदेशमा मंगलबार थप ८० जनामा कोरोना पुष्टि भएको छ। सेती प्रादेशिक अस्पताल र डडेल्धुरा अस्पतालको प्रयोगशालामा पछिल्लो २४ घण्टामा भएको परीक्षणमा ८० जनामा संक्रमण पुष्टि भएको हो।*

*स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतमले डडेल्धुरा अस्पतालमा भएको परीक्षणमा ३८ जनामा संक्रमण पुष्टि भएको बताए। उनका अनुसार डोटीका ३५ र बझाङ जिल्लाका तीन जनामा संक्रमण पुष्टि भएको हो।*

*यता सेती प्रादेशिक अस्पतालयमा पछिल्लो २४ घण्टामा एक सय ३४ जनाको कोरोना परीक्षण भएकोमा १५ महिला र २७ पुरुष गरी ४२ जनामा संक्रमण पुष्टि भएको छ।*

*सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिप कुमार श्रेष्ठका अनुसार डोटीको सायल गाउँपालिकाका ६ महिला र १३ पुरुष गरी १९ जना, आदर्श गाउँपालिकाका वडा नम्वर ७ का तीन पुरुष र एक महिला गरी चार जनामा कोरोना पुष्टि भएको छ।*

*सूचना अधिकारी श्रेष्ठका अनुसार कैलालीको गोदावरी नगरपालिकाका सात महिला र ११ पुरुष गरी १८ जनामा पनि कोरोना पुष्टि भएको छ। कञ्चनपुरको बेलौरी नगरपालिका वडा नम्वर ९ का दुई बर्षीया बालिकामा समेत संक्रमण पुष्टि भएको सेती प्रादेशिक अस्पतालले जनाएको छ।*

# नमुना क्याम्पसका लागि नौ क्याम्पस छानिए

अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रदेशका नौ जिल्लाका नौ वटा क्याम्पसलाई नमुना क्याम्पस बनाउने भएको छ ।

सामाजिक विकास मन्त्रालयले नमुना क्याम्पस बनाउनका लागि प्रत्येक जिल्लाबाट एक/एक वटा क्याम्पस छनोट गरेको जनाएको छ ।

मन्त्रालयका अनुसार कैलालीको घोडाघोडी बहुमुखी क्याम्पस सुखड, कञ्चनपुरको महाकाली बहुमुखी क्याम्पस बेलौरी, अछामको अछाम बहुमुखी क्याम्पस मंगलसेन तथा डडेल्धुराको त्रिवेणी बहुमुखी क्याम्पस जोगबुडालाई नमुना क्याम्पसका लागि छनोट गरिएको छ ।

त्यस्तै, डोटीको केदारज्योतिकुञ्ज बहुमुखी क्यासम्पस विपिनगर, दार्चुलाको दार्चुला बहुमुखी क्याम्पस, बझाङको सुनकुडा बहुमुखी क्याम्पस वित्थडचिर, बाजुराको बाजुरा बहुमुखी क्याम्पस मार्तडी र बैतडीको जगन्नाथ बहुमुखी क्याम्पसलाई नमुना क्याम्पसका लागि छानिएको छ ।

मन्त्रालयको उच्च शिक्षा महाशाखाले मंगलबार *(बाँकी ३ पेजमा)*

## दुई कोठा भाडामा

धनगढी उपमहानगरपालिका वडा नं. ८ सेतोपुल नजिकै (क्याम्पस रोड) जाने बाटोमा पक्की घर भएको २ कोठा पक्की भएको र भाडामा लिन चाहने महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला । साथै सबै सुविधा भएको र घर भाडा प्रति कोठा रु. १५००/- मात्र ।

सम्पर्क नम्बर

९८०४६०९३२२

# अपाङ्गता भएका व्यक्तिहरुलाई खाद्यान्न सहयोग

अनुमोदन समाचार/धनगढी

कैलालीको कैलारी गाउँपालिकाका अपाङता भएका व्यक्तिहरुलाई खाद्यान्न र ाहत वितरण गरिएको छ।

कमैया प्रथा उन्मुलन समाज कैलालीले कैलारी गाउँपालिका वडा नम्बर ४, ७ र ५ मा रहेका अपाङता भएका व्यक्तिहरुलाई मंगलबार खाद्यान्न राहत वितरण गरेको जनाएको छ।

कैलारी गाउँपालिका वडा नम्बर ४ का १८ जना, वडा नम्बर ७ का ४९ जना र वडा नम्बर ५ का ६६ जना अपाङ्गता भएका ब्यक्तिलाइ खाद्यान्न सहयोग गरिएको परियोजना संयोजक सुरज परियार ले जानकारी दिए।

परियोजना संयोजक परियारका अनुसार प्रति परिवार २५ किलो चामल, दुई किलो दाल, एक किलो नुन र दुई पिस साबुन वितरण गरिएको थियो।



# साढे आठ सय युवालाई व्यवसायिक तालिम

अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेशका आठ सय बढी युवालाई व्यवसायिक तालिम प्रदान गरिने भएको छ।

निड्स नेपाल नामक संस्थाले प्रदेशका विभिन्न व्यवसायिक तालिममा आठ सय ६० जना युवालाई सहभागी गराउने जनाएको छ।

निड्स नेपालले मंगलबार धनगढी उपमहानगरपालिकामा गरेको समन्वयात्मक बैठकमा बजारमा आधारित प्राविधिक तथा व्यवसायिक सीप प्रवर्द्धन परियोजना अन्तरगत तालिम कार्यक्रम सञ्चालन गरिने जानकारी दिइयो।

संस्थाका कार्यक्रम संयोजक विनोद कडाराले कृषि, निर्माण र पर्यटन क्षेत्रसंग सम्बन्धित तालिम सञ्चालन गरिने बताए।

कार्यक्रम सञ्योजक कडाराका अनुसार चार सय २० जनालाई आईपिएममा आधारित तरकारी उत्पादन तालिम प्रदान गरिने छ।

त्यस्तै,, एक सय जनालाई विल्डिङ इलेक्ट्रीसियन तालीम, एक सय २० जनालाई डकर्मी तालीम, ४० जनालाई कुक तालीम र ४० जनालाई कुखुरापालन तालिम प्रदान गरिने छ। उनले भने– तीमध्ये सात सय २० जनालाई सीप परीक्षकका लागि अभिमुखीकरण समेत प्रदान गरिने छ।

निड्स नेपालले गत मार्च महिनाबाट कैलाली, कञ्चनपुर र बझाङ जिल्लाका विभिन्न स्थानीय तहसंग समन्वय गरेर परियोजना सञ्चालन गरेको जनाएको छ। कार्यक्रम संयोजक कडाराले तालिम लिएका युवाहरुलाई रोजगारीमा पनि पहल गरिने बताए।

कार्यक्रम धनगढी उपमहानगरपालिका उपप्रमुख सुशीला मिश्र भट्टको अध्यक्षतामा भएको थियो।

# आठ बिघामा बृक्षारोपण

अनुमोदन समाचार/धनगढी

कैलालीको गौरीगंगा नगरपालिका वडा नम्बर १० भैसासुरमा करिब आठ बिघा जमिनमा वृक्षारोपण गरिएको छ।

महालक्ष्मी युवा क्लवको अगुवाईमा आठ विघा जमिनमा दुई हजार एक सय विभिन्न पजातीका विरुवा रोपिएको छ।

क्लवका अनुसार एक हजार लिपटिसका विरुवा तथा पाच सय बाँस र पाच सय खयरका विरुवा तथा ५०/५० वटा बेल र हर्रोका विरुवा रोपिएको छ।

# तीन दिन भारी वर्षा हुने . . .

***बाजुरामा बुढिगंगा थुनियो***

बाजुराको बुढिगंगा नगरपालिकाको नजिकै रहेको गुइगाड खोलामा बाढी आउँदा बुढिगंगा नदी थुनिएको छ।

सोमबार रातीदेखि परेको अविरल वर्षाका कारण नदीमा पानीको बहाव बढेसँगै खोलामा आएको बाढीले बुढिगंगा नदी थुनिएको स्थानीय बताए।

गुइगाड खोला बढेपछि बुढिगंगा नदी ७५ प्रतिशतभन्दा बढी थुनिएको स्थानीय भरत बुढाले बताए।

नदी थुनिन थालेपछि बाजुरा जिल्लाका बुढीगंगा, त्रिबेणी नगरपालिकाकालगायत अछाम जिल्लाका साफेबगर नगरपालिकाका दर्जनौं बस्ती डुबानको जोखिममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव निरीक्षक टंकप्रसाद भट्टराईले बताए।

नदी थुनिएपछि बाजुरा र अछामका दर्जनौ बस्ती तथा सयौं रोपनी खेतियोग्य जमिन बगर बन्ने प्रहरी प्रमुख भट्टराईले बताए। नदी थुनिएपछि बाजुरा र अछामको साँफेबगरसम्मका स्थानीयलाई सचेत रहन जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ।

## तीन दिनदेखि वेपत्ता महिला मृतावस्थामा फेला परिन्

अनुमोदन समाचार/धनगढी

कैलालीको गोदावरी नगरपालिका वडा नम्बर १० मा तीन दिनदेखि वेपत्ता एक महिला मृत फेला परेकी छिन्।

गोदावरी नगरपालिका वडा नम्वर १० का २२ वर्षीया विवाहित महिला लक्ष्मी साउदको मंगलबार शव फेला परेको प्रहरीले जनाएको छ।

उनको शव नहरको किनारमा रहेको झाडीमा भेटिएको ईलाका प्रहरी कार्यालय मालाखेतीका प्रहरी नायव उपरीक्षक ज्ञानबहादुर बिष्टले जानकारी दिए। उनी ११ गतेदेखि बेपत्ता रहेकी थिइन्।


विशेष छुटका साथ

अब चौधरी फेसन टेलर्समा

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका साथै सिलाई पनि गरिछ।



रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००|- मा



प्रो. विष्णु चौधरी (९८४८४७१३४६)

चौधरी फेसन टेलर्स

धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)


## सामाजिक विकास मन्त्रालयद्वारा जनहितमा जारी सन्देश

## कोभिड-१९ का मुख्य लक्षणहरू



ज्वरो (१००.४ °F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

- नियमित रूपमा साबुन-पानीले हात धुने।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

**सामाजिक विकास मन्त्रालय**

सुदूरपश्चिम प्रदेश

नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा





एडुपल नेपाल विशेष तयारी कक्षा

- नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड
- शाखा अधिकृत, ना.सु., खरिदार, महिला विकास
- प्रहरी निरीक्षक(इन्सपेक्टर), प्र.सहायक निरीक्षक, (अ.स.ई.), प्रहरी जवान, नेपाली सेना
- अ.हे.व., अ.न.मी.,H.A., STAFF NURSE
- SEE ब्रिजकोर्ष
- Korean Language Class

लोक सेवा तयारी कक्षा प्रशिक्षकहरुको नाम

डा. टोकराज पाण्डेय | गोकर्णप्रसाद उपाध्याय | बद्रीप्रसाद कार्की | सुभाष अर्याल | विकास अधिकारी

- नेपालकै प्रख्यात लेखकतथा विज्ञहरूबाट कक्षा सञ्चालन
- विगतका परीक्षाहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल
- होस्टेलको व्यवस्था भएको

कक्षा सञ्चालन : विहान र बेलुका

Edupal Nepal

The Complete Education & Training Hub

Ratopool, Dhangadhi,kailali,

Tel: 091-523368


अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादकः प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादकः भरत शाह , सह–सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१–५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: www.anumodankhabar.com, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर